Govt. Regd. No.:13458/071/072
PAN No.: 302178865

**BARAHI HYDROPOWER PUBLIC LTD.**
**बाराही हाइड्रोपावर पब्लिक लि.**

च.नं. ०८१-२०८०/०८१ मिति :- २०८०/१२/२८

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
**सिंहदरवार प्लाजा, काठमाण्डौ ।**

**विषय :- जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको मिति २०८०/१२/२५ गतेको च.नं. ०७८-२०८०/०८१ पत्रबाट कम्पनीका प्रमूख कार्यकारी अधिकृतको राजिनामा सम्बन्धमा पठाइएको संचालक समितिको बैठक नं. ४-०८ को निर्णय उतारमा प्रमूख कार्यकारी अधिकृतले राजिनामा पेश गरेको मिति २०८०/११/०१ गते हुनुपर्नेमा गल्तिबस मिति २०८१/११/०१ भएको हुँदा सो संचालक समितिको बैठक नं. ४-०८ को निर्णय उतार सच्चाई पठाएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**संलग्न कागजात:-**

१) कम्पनीको मिति २०८०/१२/२५ गते बसेको संचालक समितिको बैठक नं. ४-०८ को निर्णय उतार ।

**निवेदक**

..................................
सन्दिप कुमार शर्मा पौडेल
संचालन तथा अनुपालन अधिकृत

**बोधार्थ,**

१. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुललिसडक, काठमाण्डौ ।
२. श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

**बाराही हाइड्रोपावर पब्लिक लिमिटेड**
**राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौ**
**मिति २०८०/१२/२५ गते दिनको ४:०० बजे**
**बसेको संचालक समितिको बैठक नं. ४-०८ को निर्णय उतार**

**निर्णयहरु**

**निर्णय नं. १. प्रमूख कार्यकारी अधिकृतको राजिनामा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कम्पनीका प्रमूख कार्यकारी अधिकृत श्री सूर्यप्रसाद अधिकारीले आफ्नो व्यक्तिगत तथा घरायसी कारण देखाई मिति २०८०/११/०१ गते पेश गर्नुभएको राजिनामा मिति २०८१/०१/०१ बाट लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख कार्यकारी अधिकृतको राजिनामा स्वीकृतीसंगै कम्पनीको दैनिक संचालन एवं आयोजना संचालनको लागि आगामी संचालक समितिको बैठकबाट निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २. सिंकोस हाइड्रोपावर प्रा.लिको संचालक सदस्यमा कम्पनीको तर्फबाट १ जना सदस्य सिफारीस सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कम्पनीको ५१ प्रतिशत स्वामित्व रहेको सिंकोस हाइड्रोपावर प्रा.लिको संचालक समितिमा यस बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको तर्फबाट संचालक श्री बिदुर अधिकारीलाई चयन गर्ने निर्णय गरियो । सोहीअनुसार हालको संचालक समितिमा समावेश गर्न सिंकोस हाइड्रोपावर प्रा.लिको संचालक समितिमा पत्राचार एवं निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

भवदिय,

..............................
सन्दिप कुमार शर्मा पौडेल
कम्पनी सचिव